# समुदायद्वारा व्यवस्थित भएको र नभएको अवस्थामा विद्यालयको व्यवस्थापकीय पक्षमा प्र.अ. को भूमिका

त्रिभुवन विश्वविद्यालय शिक्षा शास्त्र संकाय शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गत एम.एड. दोस्रो वर्षको ५९८ को आंशिक आवश्यक पूरा गर्ने प्रयोजनको लागि प्रस्तुत गरिएको

**शोध-पत्र**


**शोधार्थी**

देवीप्रसाद गौतम

त्रि.वि.वि. दर्ता नं. ३८०६०-९०

क्याम्पस रोल नं. १३०(०६१/६२)

परीक्षा क्रमाङ्कः २१४००२३ (०६३)

श्री सुकुना बहुमुखी क्याम्पस

शैक्षिक योजना तथा व्यवस्थापन विभाग

इन्द्रपुर, मोरङ्ग


असार, २०६८

# सिफारिस- पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस, शैक्षिक योजना तथा व्यवस्थापन विषय अन्तर्गतको स्नातकोत्तर तहका शोधकर्ता देवीप्रसाद गौतमले तयार गर्नुभएको **समुदायद्वारा व्यवस्थित भएको र नभएको अवस्थामा विद्यालयको व्यवस्थापकीय पक्षमा प्र.अ.को भूमिका** शीर्षकको प्रस्तुत शोधपत्र मेरो निर्देशनमा तयार पार्नु भएको हो । निजवाट तयार पारिएको यस अध्ययनबाट म सन्तुष्ट छु र यो शोधपत्र मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मितिः २०६८/०२/१५

...................................

**खगेन्द्रप्रसाद लुइटेल**

**(शोध निर्देशक)**

## स्वीकृति- पत्र

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय, सुकुना बहुमुखी क्याम्पस, शिक्षा योजना तथा व्यवस्थापन विषय अन्तर्गत स्नातकोत्तर तहका शोधकर्ता देवीप्रसाद गौतमद्वारा प्रस्तुत **समुदायद्वारा व्यवस्थित भएको र नभएको अवस्थामा विद्यालयको व्यवस्थापकीय पक्षमा प्र.अ.को भूमिका** शीर्षकको यो शोधपत्र मूल्याङ्कनको लागि स्वीकार गरिएको छ ।

## शोध मूल्याङ्कन समिति

| **पद** | **नाम** | **हस्ताक्षर** |
|---|---|---|
| विभागीय प्रमुख | श्री लक्ष्मीकुमार श्रेष्ठ | |
| शोध निर्देशक | श्री खगेन्द्रप्रसाद लुइटेल | |
| बाह्य परीक्षक | श्री | |

मिति : २०६८/०३/१२

# कृतज्ञता ज्ञापन

त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र संकाय अन्तर्गत शैक्षिक योजना तथा व्यवस्थापन विभाग स्नातकोत्तर तहको द्वितीय वर्षको अनिवार्य पत्रको रुपमा आंशिक उद्देश्य परिपूर्तिका लागि तयार पारिएको प्रस्तुत शोध-पत्र “समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयमा प्र.अ.को भूमिका” सँग सम्बन्धित छ । यो शोध-पत्र समसामयिक विषयमा आधारित भएर पहाडी दुर्गम समाजमा विद्यालयको व्यवस्थापन जिम्मा लिएका विद्यालयका प्र.अ.हरूले गर्ने व्यवस्थापकीय कार्यको कार्यान्वयन पक्षको गहन अध्ययन गरी सन्बन्धित प्रधानाध्यापक, SMC/PTA, अभिभावक, विद्यार्थी, स्रोतव्यक्ति, शिक्षक, स्रोतकेन्द्र र समुदायबाट प्राप्त तथ्याङ्क एवं सूचना, जानकारीहरूको आधारमा तयार पारिएकाले उक्त क्षेत्रका सम्बन्धित सरोकारवालालाई उक्त शैक्षिक कार्यक्रम सञ्चालन गर्न उपयोगी सिद्ध हुनेछ भन्ने कुरामा म पूर्ण विश्वस्त छु ।

प्रस्तुत शोधपत्रको प्रारम्भदेखि अन्तिम लेखाइसम्म आवश्यक र महत्त्वपूर्ण निर्देशन, सुझाव तथा प्रोत्साहन गर्नुहुने मेरा श्रद्धेय शोध निर्देशक गुरु खगेन्द्रप्रसाद लुइटेल र विभागीय प्रमुख लक्ष्मीकुमार श्रेष्ठज्यूप्रति कृतज्ञता ज्ञापन गर्दछु । आफ्नो व्यक्तिगत एवं अध्ययन सम्बन्धी व्यस्तताको बावजुद पनि समय मिलाएर शोधपत्रको लागि आवश्यक मार्गदर्शन गर्नुहुने स्रोतव्यक्ति प्रेमबहादुर दाहालज्यू, आवश्यक योगदान गर्नुहुने प्रधानाध्यापकज्यूहरू श्री कुलप्रसाद रिजाल, श्री पूर्णप्रसाद राई, श्री नरबहादुर दाहाल, श्री युवराज पोखेल र श्री कृष्णबहादुर दाहाल, सम्बन्धित विद्यालयका अध्यक्षज्यूहरू, शिक्षकमित्रहरू, विद्यार्थी, अभिभावक र शि.अ.संधका पदाधिकारीप्रति हार्दिक धन्यवाद दिन चाहन्छु । यस शोधपत्र तयारको क्रममा सहयोग गर्ने समुदायमा व्यवस्थापन समुदायद्वारा व्यवस्थित गरेका विद्यालयका सरोकारवाला महानुभाव, आफन्त, मित्रजन, सहपाठी साथीहरू पनि हार्दिक धन्यवादका पात्र हुनुहुन्छ ।

अन्त्यमा शोधपत्रको समय मिलाइदिने, घरेलु कार्यमा तथ्याङ्क टिपोटमा सहयोग गर्ने जीवन संगिनी दीपा गौतम, छोरा विज्ञान गौतम र छोरी वर्षा गौतमको कार्यप्रति धन्यवाद दिदै हतारमा कोरिएका, समेटिएका अशुद्ध पाण्डुलिपिलाई यस अवस्थामा ल्याई पु-याउन कम्प्यूटर टाइपमा बसेर पूर्ण सहयोग गरिदिने बहिनी कमला बुढाथोकी, सनसाइन बोर्डिङ्ग स्कूल प्रिन्सिपल लभहाङ तावा र टिना फोटा स्टूडियोका यज्ञमणि निरौलाप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

**शोधार्थी**

देवीप्रसाद गौतम

# शोधसार

यस शोधको शीर्षक "समुदायद्वारा व्यवस्थित भएका र नभएका विद्यालयमा प्र.अ.को भूमिका" राखिएको छ । यस शोधको मूख्य उद्देश्य समुदायद्वारा व्यवस्थित भएको र नभएको अवस्थामा विद्यालयको व्यवस्थापकीय पक्षमा देखिएका समस्याहरूको तुलनात्मक विश्लेषण गरी कार्यान्वयन पक्षमा आवश्यक सुझाबहरू पेश गर्ने रहेको छ । यो शोध कार्य सम्भावनायुक्त नमूना छनौट र उद्देश्यमूलक नमूना छनौट विधिबाट गरिएको छ ।

समुदायद्वारा व्यवस्थित भएको र नभएको अवस्थाका ६ वटा विद्यालयहरूका प्र.अ. ६ जना, वि.व्य.स.अध्यक्ष ६ जना, स्रोतव्यक्ति १ जना, शिक्षक १३ जना, शि.अ.संघ/अभिभावक १२ जना गरी जम्मा ३८ जनालाई प्रश्नावली वितरण गरेर शोध कार्य गरिएको छ । यसको अध्ययन अनुगमन र तथ्याङ्क सङ्कलन गर्न प्रश्नावली, प्रत्यक्ष अवलोकन, छलफल, भेटवार्ता वा अन्तरवार्ता र स्थलगत सर्वेक्षण जस्ता प्राथमिक स्रोत साधन र विद्यालयका बैठक पुस्तिका, बैठकमा निर्णयहरूको रेकर्ड, फायल वा अभिलेख जस्ता द्वितीय तथ्याङ्कका साधनको उपयोग गरी गुणात्मक र सङ्ख्यात्मक अध्ययन विधिबाट तथ्याङ्क विश्लेषण र व्याख्या गरिएको छ ।

समुदायद्वारा व्यवस्थित भएकै अवस्थामा जनसमुदाय सक्रिय हुने, जनचेतना र चासो बढ्ने, प्र.अ. र शिक्षक सक्रिय र नियमित हुने, विद्यार्थी उपस्थितिमा नियमितता र अनुशासित वातावरण कायम रहेको अवस्थामा विद्यालयको स्थिति सुधार भई जिम्मेवारी बोध बढेको पाइन्छ । नेतृत्व गर्नसक्ने र राजनैतिक हस्तक्षेप रहित वातावरणमा छनौट गरिएको प्र.अ.ले सामाजिक दबाव र दृढइच्छा शक्तिको कारण व्यवस्थापनका कार्य व्यवस्थापन समुदायमा जिम्मा लगाएकै अवस्थामा बढी सन्तोषजनक रुपले कार्यान्वयन भएको देखिन्छ । यस शोधकार्यमा प्रश्नावली भन्दा प्रत्यक्ष अवलोकन विधि बढी झल्केकोले सर्वपक्षीय अध्ययन छलफल, भेटवार्ता र अवलोकन विधिको प्रयोग गरियो ।

समुदायद्वारा व्यवस्थित भएको अवस्थामा राजनैतिक हस्तक्षेप, अनावश्यक दलीय दबाव, क्षेत्राधिकारको अज्ञानता, चेतनास्तरको कमी, शिक्षकहरूको दलीय मनोवृति, प्र.अ. पदको लागि गरिनुपर्ने संघर्ष र आर्थिक दुरावस्थाले प्र.अ.को व्यवस्थापकीय भूमिका कार्यान्वयनमा बाधा पु-याएको देखिन्छ । व्यवस्थापन हस्तान्तरणको लागि स्पष्ट नीति र परिवेशगत नीति निर्माणको पनि अभाव रहेको पाइन्छ । जिल्ला शिक्षा कार्यालयले व्यवस्थापन लिँदा माथिको मुख ताक्ने र अभिभावक जिम्मेवारीबाट पन्छिएपछि प्र.अ. र शिक्षक पनि निष्क्रिय भएको हुँदा शैक्षिक गुणस्तर पनि विद्यालयको व्यवस्थापन समुदायद्वारा व्यवस्थित नभएको अवस्था कम हासिल भएको पाइन्छ । समुदाय र अभिभावक तातेपछि प्र.अ.लाई तताउने र स्वयं तात्नुपर्ने अवस्थाले गर्दा समुदायद्वारा व्यवस्थित भएको अवस्थामा नै प्र.अ.ले पाएको अधिकार कर्तव्यलाई सन्तोषजनक रुपमा कार्यान्वयनमा ल्याएको देखिन्छ । शिक्षक, अभिभावक, वि.व्य.स., प्र.अ. र विद्यार्थी समेतलाई अभिमुखीकरण कार्यक्रम मार्फत सबैको पेशागत सुरक्षा गर्दै सर्वपक्षीय सहमतिमा विद्यालयको व्यवस्थापन समुदायद्वारा व्यवस्थित गर्दा जनसहभागितामा बृद्धि भइ अपनत्वको भावना विकास हुन्छ ।

## विषय-सूची


| क्र.सं. | शीर्षक | पेज |
|---|---|---|
| ०१ | सिफारिस- पत्र | I |
| ०२ | स्वीकृति पत्र | II |
| ०३ | कृतज्ञता ज्ञापन | III |
| ०४ | शोधसार | IV |
| ०५ | विषय सूची | VI |
| ०६ | संक्षिप्त शब्दावली | VIII |

**परिच्छेद एक : परिचय** १-९

१.१. अध्ययनको पृष्ठभूमि १

१.२. समस्याको कथन ५

१.३. अध्ययनको औचित्य ६

१.४. अध्ययनको उद्देश्य ८

१.५. अनुसन्धानात्मक प्रश्नहरु ८

१.६. अध्ययनको परिसीमा ९

१.७ शब्दावलीको व्याख्या ९

**परिच्छेद : दुई**

**सम्बन्धित साहित्यको पुनरावलोकन र सैद्धान्तिक खाका** १०-१५

२.१ सम्बन्धित साहित्यको पुनरावलोकन १०

२.२ अध्ययनको सैद्धान्तिक खाका १२

२.३ शैक्षिक उपादेयता १५

**परिच्छेद तीन: अध्ययन विधि** १६-२३

३.१ अनुसन्धान ढाँचा १६

३.२ तथ्याङ्क सङ्कलन प्रक्रिया १६

३.२.१ जनसंख्याः १८

३.२.२ नमूनाको आकार १९

३.२.३ नमूना छनौट विधिः २०

३.२.४ नमूना छनौटको आधार २१

३.३. अनुसन्धानका साधनहरु २१

३.४ तथ्याङ्कका स्रोतहरुः २३

**परिच्छेद चार : तथ्याङ्कको बिश्लेषण र व्याख्या २४-४७**

४.१ व्यवस्थापकीय पक्षको वर्तमान अवस्था २४

४.२ व्यवस्थापकीय पक्षको कार्यान्वयनको अवस्था ३५

४.३ समुदायद्वारा व्यवस्थित नहुँदा र हुँदाको अवस्थामा व्यवस्थापकीय कार्य कार्यान्वयनमा प्रधानाध्यापकहरुले भोग्नुपरेका समस्या/ चुनौतीहरुः- ४३

**परिच्छेद पाँच : प्राप्ति निष्कर्ष तथा सुझाव ४८-५५**

५.१ अध्ययनको प्राप्ति ४८

५.२ निष्कर्ष ५१

५.३ सुझाव ५३

**सन्दर्भग्रन्थ सामग्री**

**अनुसूचीहरू a –s**

**तालिका सूची t**

**चित्र सूची u**

## संक्षिप्त शब्दावली

SSRP- School Sector Reform Programme

SIP- School Improvement Plan

SMC – School Management Committee

PTA – Parents Teachers Association

BPEP- Basic Primary Education Project

EPM- Educational Planning and Management

प्रा.वि. - प्राथमिक विद्यालय

नि.मा.वि. - निम्न माध्यमिक विद्यालय

मा.वि. - माध्यमिक विद्यालय

वि.नि. - विद्यालय निरीक्षक

गा.वि.स. - गाउँ विकास समिति

जि.शि.अ. - जिल्ला शिक्षा अधिकारी

वि.व्य.स. - विद्यालय व्यवस्थापन समिति

शि.अ.संघ - शिक्षक अभिभावक संघ

मा.शि. - माध्यमिक शिक्षक

प्रा.शि. - प्राथमिक शिक्षक

क्षे.शि.नि. - क्षेत्रीय शिक्षा निर्देशनालय

जि.वि.स. - जिल्ला विकास समिति

सा.वि. - सामुदायिक विद्यालय

प्र.अ. - प्रधानाध्यक